नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## राष्ट्रिय किताबखाना (शिक्षक)

म्युजियम मार्ग, छाउनी, काठमाडौं ।

(सूचना प्रकाशित मिति : २०८३।०३।०२)

## शिक्षकहरुको तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा प्रत्येक वर्ष शिक्षकहरूको तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्नुपर्ने व्यवस्था विदितै छ। शिक्षकहरूको तलब खर्च लेख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको भएकोले स्थानीय तहहरूले शिक्षकहरूको तलब भुक्तानी गर्नु पूर्व राष्ट्रिय किताबखाना (शिक्षक) बाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था रहेको छ। विगत वर्षहरूमा कतिपय पालिकाहरूले तलबी प्रतिवेदन पारित नगराएको सम्बन्धमा लेखापरीक्षणको क्रममा बेरुजु देखिन आएको र सम्बन्धित नियामक निकायहरूबाट तलबी प्रतिवेदन पारित नगर्ने पालिकाहरूको विवरण माग भई आएको छ। हालसम्म शिक्षकहरूको तलबी प्रतिवेदन शैक्षिक सत्रभरिमा पारित गर्ने/गराउने व्यवस्था रहेकोमा तलब भुक्तानी गर्नु पूर्व नै तलबी प्रतिवेदन पारित गराउनुपर्ने भए तापनि शैक्षिक सत्रभरिमा जुनसुकै समयमा पालिकाबाट सिफारिस भई आउने गरेको छ।

वैशाखदेखि चैत्रसम्मको शैक्षिक सत्रको अवधि रहने भए तापनि शैक्षिक सत्रको सुरुदेखि नै शिक्षकहरूको तलब भुक्तानी गर्नुपर्ने विषयलाई मध्यनजर गरी हरेक बर्ष भाद्र मसान्त भित्रमा सम्बन्धित सबै पालिकाहरूबाट तलबी प्रतिवेदन पारित गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

पुनश्चः वि.सं. २०५७ सालअघि स्थायी नियुक्ति भई २०५७ पूर्व नै हाल कार्यरत तहका लागि तोकिएको न्यूनतम योग्यता र तालिम हासिल भएको, र २०५७ अघि प्राविधिक स्केल/ग्रेड खाइपाई आएका शिक्षकको यसअघि तलबी प्रतिवेदनमा प्राविधिक ग्रेड छुट भएको भए सो समयको स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यता र तालिमको प्रमाणपत्र तथा प्राविधिक स्केल/ग्रेडसहितको तलबी भरपाईको प्रतिलिपिहरू सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरूबाट व्यहोरा प्रमाणित गराई सम्बन्धित शिक्षकहरुले पालिकामा पेश गर्नुहुन र उक्त प्रमाणपत्रहरुका साथ तलबी प्रतिवेदन पारिताका लागि यसैसाथ संलग्न ढाँचामा पेस गर्नुहुन समेत सूचित गरिन्छ।

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (शिक्षक), म्युजियम मार्ग, छाउनी, काठमाडौं

२०८३/०३/०२

गोविन्द प्रसाद अर्याल
का.मु. उपमहानिर्देशक

..........................................नगरपालिका/गाँउपालिका

.................................. को कार्यालय

...............................................

# शिक्षकको तलबी प्रतिवेदन

शैक्षिक सत्र २०...................

विद्यालयको नाम : ...................................................... ठेगाना : ...................................................................

| संकेत न. | शिक्षकको नाम थर | तह | श्रेणी | शुरु स्थायी नियुक्ति मिति | प्रथम पटक बढुवा मिति | दोश्रो पटक बढुवा मिति | १० महिने वा सो सरहको तालिम २०५७ साल अघि पुरा गरेको भएमा √ रेजा चिह्न लगाउनु पर्नेछ । | शुरु तलव स्केल | ०८२ चैत्र मसान्त सम्म खाईपाई आएको ग्रेड संख्या | ०८३ वैशाखबाट पाउने ग्रेड संख्या | | | | तलब र ग्रेडको जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ग्रेड संख्या | | दर | जम्मा | | |
| | | | | | | | | | | साधरण | प्राविधिक | | | | |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

को
.........

रुजु गर्नेको
दस्दखत............
नाम –
पद–

पेस गर्नेको
दस्दखत............
नाम–
पद–

किताबखानाको प्रयोजनको लागि)

रुजु गर्नेको
दस्दखत............
नाम–
पद–

सिफारिस गर्नेको
दस्दखत............
नाम–
पद–

प्रमाणित गर्नेको
दस्दखत............
नाम–
पद–

नोट :

क) बढुवाको मितिको महलमा हालको श्रेणीमा भएको मिति लेख्नुपर्ने छ ।

ख) हाल कार्यरत तहको लागि १० महिने वा सो सरहको तालिम २०५७ साल अघि पूरा गरेको भएमा √ रेजा चिह्न लगाउनु पर्ने छ ।

ग) प्रत्येक पृष्ठमा कार्यालयको छाप र हस्ताक्षर हुनुपर्ने छ ।

घ) प्रत्येक पृष्ठको तल्लो भागको दायाँतिर किताबखानाका रुजु गर्ने, सिफारिस गर्ने र प्रमाणित गर्नेको हस्ताक्षर गर्ने स्थान खाली ठाँउ राख्नुपर्ने छ ।

ङ) प्रत्येक विद्यालयको तलबी प्रतिवेदन छुट्टा छुट्टै पृष्ठमा तयार गरि एकमुष्ठ रुपमा वाइन्डिङ गरी पेस गर्नुपर्ने छ ।